स्थानीय राजपत्र प्रकासन सम्बन्धी कार्यविधि , २०७५ को

अनुसूची-२

(दफा ४ तथा अनुसूची-१ को भाग-२ सँग सम्बन्धित)

# विरुवा गाउँपालिका

# स्थानीय राजपत्र

**खण्डः ०३ संख्याः ०५ मितिः २०७६।०९।१३**

## भाग-२

## विरुवा गाउँपालिका

## गाउँ कार्यपालिकाको कार्यालय ,स्याङ्जा

नेपालको संविधानको धारा २२६ को उपधारा (१) बमोजिम मिति २०७६।०९।१० गते विरुवा गाउँपालिकाको कार्यपालिकाले बनाएको **"विरुवा गाउँपालिकाको कृषक अनुदान वितरण कार्यविधि - २०७६"** सर्वसारधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**प्रस्तावना**

विरुवा गाउपालिका, स्याङ्जा जिल्लाको उत्तर पुर्वमा अवस्थित एक गाउँहरुले भरिएको स्थानिय तह हो। यहाँका अधिकांश मानिसहरुको मुख्य पेशा कृषि हो तर कृषि पेशालाई व्यसायिक तथा प्रतिस्पर्धि बनाउन नसक्दा यो पेशा निर्वाहमुखी मात्र हुन पुगेको छ ।विरुवा गाउँपालिकाले कृषि क्षेत्रको विकासमा उल्लेख्य बजेत विनियोजन गरेको छ वडा स्तरका कार्यक्रम नमुना कृषि कार्यक्रम तथा कृषि अनुदान कार्यक्रमको लागि कृषि क्षेत्रमा विनियोजन गरिएको छ ।व्यतिगत रुपमा कृषिहरुद्धारा भएको उत्पादनशिल कामहरु तथा कृषक समूह र व्यक्तिगत कृषि तथा पशु फर्म सञ्चालन गरेको कृषकहरु लाई प्रोत्साहन गर्दै उनीहरुको समेत साझेदारिमा कृषि उत्पादनलाई वृद्धि गर्दै कृषिजन्य उत्पादनहरुमा गाउँपालिकालाई आत्मानिर्भर बनाउन विरुवा गाउँपालिकाले कृषक अनुदान कार्यक्रम सञ्चालनमा ल्याएको छ ।

**१. सक्षिप्त नाम र प्रारम्भ**

क. यो कार्यविधिको नाम **"विरुवा गाउँपालिकाको कृषक अनुदान वितरण कार्यविधि- २०७६"** रहेको छ ।

ख. यो कार्यविधि विरुवा गाउँपालिकाभर लागु हुनेछ ।

**२. परिभाषा**

क. "कृषि ज्ञान केन्द्र" भन्नाले सम्बन्धित जिल्ला स्थित कृषि प्रविधि तथा प्रसार सेवा उपलब्ध गराउने निकाय कृषि ज्ञान केन्द्र भन्ने सम्झनु पर्छ

ख. "कृषक" भन्नाले कृषि पेशालाई प्रमुख पेशा बनाई ५० प्रतिशत भन्दा बढी समय र परिश्रम (मानसिक वा शारिरिक) सो पेशामा लगानी गरेको र पारिवारिक खर्चको कम्तीमा ४० प्रतिशत योगदान कृषि पेशाको आम्दानीबाट हुने गरेको व्यक्ति वा एकाघरको परिवारलाई सम्झनु पर्छ ।

ग. "स्थानिय तह" भन्नाले विरुवा गाउपालिकालाई सम्झनु पर्छ ।

**३. कार्यक्रमको उद्धेश्यः** यस कार्यक्रमका उद्धेश्यहरु देहाय बमोजिम छन् :

क. गाउपालिका क्षेत्रमा व्यक्तिगत रुपमा दर्ता भएका कृषक, कृषि फर्म तथा कृषक समुहलाई निजहरुको लागत सहभागिताको आधारमा कृषक अनुदान रकम सामाग्री विउविजन वा अन्य सेवा सुविधा उपलब्ध गराउने ।

ख. कृषिमा व्यावसायिकताको अभिवृद्धि गरि उत्पादकत्वमा वृद्धि गर्ने ।

ग. यस कार्यक्रमको निरन्तर सञ्चालन मार्फत गाउँपालिकालाई कृषि जन्य उत्पादनमा आत्मनिर्भर गराउने ।

घ. कृषि क्षेत्रमा लगानि मार्फत रोजगारीका अवसरहरुको अभिवृद्धि गर्ने ।

**४. कार्यक्रम सञ्चालनका विधि / प्रक्रिया**

यस कार्यक्रममा सहभागि हुनको लागि गाउँपालिकाले दर्ता वाला कृषक, कृषि फर्म तथा कृषक समुहलाई कम्तिमा १० दिन म्याद राखि आवेदन माग गर्न सुचना प्रकाशित गर्ने छ । सो सुचना गाउँपालिकाका सबै वडा कार्यलयमा समेत टास गर्नु पर्ने छ । यसै गरि गाउँपालिकाको आधिकारित विद्युतिय माध्यममा समेत प्रकाशित गर्नु पर्ने छ । आवेदन पेश गर्दा दर्ता प्रमाणपत्र, समुहको हकमा बैठक बसि अनुदान माग गरेको निर्णयको प्रतिलिपि, वडाको सिफारिस तथा निवेदकको नागरिकताको प्रमाणपत्रको प्रतिलिपि समेत पेश गर्नु पर्ने छ ।

**५. छनौट समिति संम्बन्धि व्यवस्थाः** प्राप्त आवेदनहरु माथि मुल्यांकन गरि अनुदान प्राप्त गर्ने व्यक्ति फर्म समुह र उक्त व्यक्ति फर्म समुह ले प्राप्त गर्ने अनुदान रकम निर्धारण गर्न तपशिल बमोजिमको छनौट समिति रहने छः

क. गाउँपालिकाको आर्थिक विकास समितिको अध्यक्ष -संयोजक

ख. गाउँपालिकाको अध्यक्षले तोकेको गाउँ कार्यपालिकाको सदस्य १ जना -सदस्य

ग. कृषि शाखा प्रमुख -सदस्य

घ. पशु शाखा प्रमुख -सदस्य

ङ. गाउँपालिकाको कार्यलयबाट प्र. प्र.अ ले तोकेको १ जना कर्मचारी -सदस्य

**६. समितिको काम, कर्तव्य र अधिकार**

क. प्राप्त आवेदनहरु मध्ये मुल्यांकनको सुचकहरु निर्धारण गरि अनुदानको लागि योग्य आवेदक हरु छनौट गर्ने ।

ख. छनौट गरिएका आवेदकहरुलाई उपलब्ध गराउने अनुदान रकम निर्धारण गर्ने ।

ग. कृषक अनुदान कार्यक्रमको नियमित अनुगमन गर्ने ।

घ. कृषक अनुदान कार्यक्रमको भुक्तानिको लागि सिफारिस गर्ने ।

ङ. अनुदान रकम दुरुपयोग भएको ठहरिएमा कारवाहिको लागि सिफारिस गर्ने ।

**७. आवेदनको लागि आवश्यक योग्यताः** आवेदन दिने व्यक्ति फर्म समुहको देहाय बमोजिमको योग्यता हुनुपर्ने छ :

क. आवेदक व्यक्ति/ फर्म / समुह प्रचलित ऐन कानुन अनुसार दर्ता भएको हुनुपर्छ ।

ख. यसै गाउँपालिकाद्वारा सञ्चालित अनुदान सम्बन्धि अन्य कुनै कार्यक्रममा यसै आर्थिक वर्षमा लाभग्राहि नभएको हुनुपर्ने छ ।

ग. समुहको हकमा समुहको बैठक बसि अनुदान माग गर्ने निर्णय गरेको हुनुपर्ने छ ।

घ. विगतमा केन्द्र सरकार, प्रदेश वा स्थानिय तहबाट अनुदान प्राप्त गरि दुरुपयोग गरेको प्रमाण भएमा कार्यक्रममा सहभागि गराइने छैन ।

**८. साझेदारी सम्बन्धि व्यवस्था**

**क.** यस कृषक अनुदान कार्यक्रम सहभागिको लागत सहभागिताको आधारमा सञ्चालन गरिने छ । सोहि कार्यको लागि गाउँपालिका कार्यलयले ५०% रकम र सम्बन्धित अनुदानग्राहिले ५०% रकम साझेदारी गर्नुपर्ने छ । उक्त रकम गाउँपालिका कार्यलयले तोकेको खातामा जम्मा गर्ने वा लागत इष्टमेटमा साझेदारी गर्नुपर्नेछ ।

**९. अनुदान रकम खर्च गर्ने र भुक्तानि गर्ने सम्बन्धि व्यवस्था**

क. गाउँपालिका सम्बन्धित अनुदानग्राहिको अनुदान पश्चात छनौट समितिको सिफारिसको आधारमा कम्तिमा २ किस्ता र बढीमा ३ किस्तासम्म रकम भुक्तानि गरिने छ ।

ख. सम्झौता सम्पन्त भइ सकेपछि उल्लेखित अनुदानको रकमको बढीमा ५०% रकम पेश्कीको रुपमा उपलब्ध गराउन सकिने छ ।

ग. सम्बन्धित अनुदानग्राहिको कार्यक्रम सन्तोषजनक रुपमा संचालन नभएको पाईएमा थप किस्ता अनुदान रकम जुनसुकै बेला रोक्का गर्न सकिने छ ।

१०. **अनुदानग्राही सगँ सम्झौताः** अनुदानग्राही सगँ व्यवसायको प्रकृति तथा बजेट रकम उल्लेख गरेको द्विपक्षिय संझौता गरिने छ लाभग्राहिको रुपमा संवन्धित कृषकले र गाउपालिकाको तर्फबाट कार्यालय प्रमुखले हस्ताक्षर गर्ने छन् ।

११. **कार्यक्रमको अनुगमन सम्बन्धि व्यवस्थाः** अनुदान कार्यक्रम सञ्चालनको लागि गठन भएको छनौट समितिले गाउँपालिकाका कृषि प्राविधिकहरुलाई समेत सहभागी बनाएर अनुगमन गर्ने छ । कार्यक्रम सञ्चालन अवधिमा कम्तिमा पनि दुई पटक अनुगमन गरिने छ ।

१२. **प्रतिवेदन पेश गर्नुपर्नेः** सम्बन्धित अनुदानग्राहिले अन्तिम किस्ता भुक्तानिको लागि माग गर्न अगाडि अनिवार्य रुपमा गाउँपालिका कार्यालयमा प्रगति प्रतिवेदन पेश गर्नुपर्ने छ ।

**आज्ञाले**
**कुलराज सुवेदी**
**प्रमुख प्रशासकीय अधिकृत**

**आज्ञाले**
**आज्ञाले**
**भेषराज आचार्य**
भेषराज आचार्य
**प्रमुख प्रशासकीय अधिकृत**
**प्रमुख प्रशासकीय अधिकृत**